नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय,**
**धुन्चे, रसुवा**

फोन नं. ०१०-५४०१३१
हटलाईन: ०१०-५४००१९(२४सैं घण्टा)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google+code: 476k+j6
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०८३/८४
चलानी नं. :- ३९०

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

## हेलिकप्टरको माग एवम् प्रयोग सम्बन्धमा।

सूचना नं. ११,
प्रकाशन मितिः २०८३।०५।२६

प्रस्तुत विषयमा मिति २०८३ भाद्र १० गते नेपाल-चीन सीमा क्षेत्रबाट नेपाल प्रवेश गर्ने लेन्दे खोला हुँदै भोटेकोशी नदीमा आकस्मिक रुपमा आएको भीषण बाढीका कारण यस जिल्लाको मुख्य भूभाग जोड्ने पासाङल्हामु राजमार्गका विभिन्न क्षेत्रहरु एवम् गल्छी-त्रिशुली-बेत्रावती-मैलुङ-स्याफ्रुवेशी-रसुवागढी सडक आयोजनाको रसुवा खण्ड पूर्णत क्षती भएका कारण सवारी आवागमन ठप्प भएको हुँदा जिल्लाको आन्तरिक सडक सञ्जाल क्षत विच्छेद भएको अवस्था छ। नागरिकको दैनिकीलाई पूर्ववतः अवस्थामा फर्काउन विच्छेदित सडक सञ्जाल पुनःस्थापित गर्न प्रयत्न भई रहेको बेहोरा अवगत नै छ। यस विषम परिस्थितिमा विपद् पश्चात्को खोज, उद्धार एवम् राहत वितरण कार्य हवाई माध्यमबाट गर्नुपर्ने हुँदा उद्धार तथा राहत वितरण लगायतका कार्यका लागि रसुवा जिल्लालाई डेडिकेट गरिएका हेलिकप्टरहरु सोही प्रयोजनार्थ प्रयोग गर्नु पर्ने भएकाले माथि तोकिएका कार्य बाहेकका लागि हेलिकप्टरको माग नगरी प्राप्त स्रोत साधनलाई प्राथमिकताका क्षेत्रमा प्रयोग गर्न सहयोग गरिदिनु हुन सम्बन्धित स्थानीय बासिन्दा तथा सर्वसाधारणमा जानकारीका लागि अनुरोध छ।

मितिः २०८३।०५।२६ गते, ने.सं. ११४६

(द्रुव प्रसाद अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी
एवम्
सूचना अधिकारी